कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive
कञ्चन, रुपन्देही
Kanchan, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :- २०८२।८३
चलानी नं./Dispatch No.:-

**भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्वन्धी सूचना ।**

(अन्तिम पटकको सूचना प्रकाशित मितिः२०८२/०५/१२)

प्रस्तुत विषयमा भूमि समास्या समाधान आयोगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीहरुलाई जग्गा, उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कञ्चन गाउँपालिका,रुपन्देहीका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले आफुले बसोबास वा आवाद कमोत गरेको जग्गा पाउन तोकिए वमोजिमको ढाँचामा निवेदन फारम भरी सम्वन्धित वडा कार्यालयमा फारममा उल्लिखित विवरण र पुष्टयाई गर्ने प्रमाण र कागजात सहित यो सूचना प्रकाशन भएको मितिले सम्वत् २०८२ असोज ५ गते कार्यालय समय भित्र वडा कार्यालय वा कार्यालयले तोकेको स्थानमा गई निवेदन दिनुहुन जानकारीका लागि अनुरोध छ ।

<u>निवेदन दिनका लागि आवश्यक कागजातहरु:</u>

| क्र.स. | भूमिहीन दलित र भूमिहीन सुकुम्वासीको हकमा | क्र.स. | अव्यवस्थित बसोबासीको हकमा |
|---|---|---|---|
| १. | परिवारमूलीको पति/ पत्नीको नेपाली नागरिकता प्रमाण पत्रको छायाँकपी र हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति, | १. | परिवारमूलीको पति/ पत्नीको नेपाली नागरिकता प्रमाण पत्रको छायाँकपी र हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति, |
| २. | परिवारमूलीको वाबु, आमा र नागरिकता प्राप्त सदस्यहरुको नेपाली नागरिकता प्रमाण पत्रको छायाँकपी (नावालकको हकमा जन्म दर्ता) २/२ प्रति, | २. | परिवारमूलीको वाबु, आमा र नागरिकता प्राप्त सदस्यहरुको नेपाली नागरिकता प्रमाण पत्रको छायाँकपी (नावालकको हकमा जन्म दर्ता) २/२ प्रति, |
| ३. | <u>जग्गा उपभोगको प्रमाण:</u> विद्युत वा पानीको महसुल तिरेको रसिद/ विगतमा स्थानीय तहले दिइएको सिफारिस/ घरसारको कागज/ भोगचलन गर्न दिइएको प्रमाण र विगत आयोगले दिइएको निस्साको छायाँकपी १/१ प्रति, | ३. | जग्गाधनी प्रमाण पुर्जा भएको तर प्राकृतिक प्रकोप वा अन्य कारण आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा रहेको सवै जग्गा प्रयोगमा आउने सम्भावना नभई त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेका भूमिहीनका हकमा सो विषयको मालपोत कार्यालयले लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्रको छायाँकपी, |
| ४. | माथि उल्लिखित सबै कागजातको सक्कल प्रमाण पत्र र तोकिएको संख्याको छायाँ प्रति तयारी अवस्थामा राख्ने, | ४. | <u>जग्गा उपभोगको प्रमाण:</u> विद्युत वा पानीको महसुल तिरेको रसिद/ विगतमा स्थानीय तहले दिइएको सिफारिस/ घरसारको कागजात/ भोगचलनका लागि दिइएको प्रमाणित कागजात/ घर नक्सा पासको विवरण र विगतका आयोगले दिइएको निस्सा/ बसाईसराईको छायाँ प्रति, स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको भए सोको प्रमाण |

पत्र संख्या / Ref No :-

चलानी नं. / Dispatch No :-

| | | | |
|---|---|---|---|
| ५. | उमेर पुगेका परिवारको सदस्यको मतदाता परिचय पत्र तथा राष्ट्रिय परिचय पत्रको छायाँकपी १/१ थान, | ५. | आफु वा आफ्नो परिवारको सबै सदस्यको नाममा अन्यत्र रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपि र सम्वन्धित स्थानीय तहको जिल्ला मालपोत कार्यालयले सम्पति कर प्रयोजनका लागि निर्धारण गरेको मुल्यांङ्कन सम्वन्धी स्थानीय तहको पत्रको छायाँ प्रति, |
| ६. | उपलब्ध प्रमाणहरु, | ६. | माग दावि गरको जग्गामा निवेदकले कति वर्ष अघिबाट आवाद कमोत गरी आएको भनि प्रमाणित गरेको सम्वन्धित स्थानीय तहको सिफारिस पत्रको प्रतिलिपि, |
| | | ७. | उमेर पुगेका परिवारको सदस्यको मतदाता परिचय पत्र तथा राष्ट्रिय परिचय पत्रको छायाँकपि १/१ थान, |

पुनश्चः यस अघि कार्यालयवाट सूचना प्रकाशन भई उक्त सूचना बमोजिम छुट भएका निवेदकहरुले मात्र निवेदन फारम भरी पेश गर्नुहुन अनुरोध छ, यस अघि निवेदन फारम भरी पेश गरिसकेका आवेदकहरुले यो सूचनाका आधारमा पुनः निवेदन पेश गर्नु नपर्ने । साथै तोकिएको ढाँचाको निवेदन सम्वन्धित वडा कार्यालय तथा गाउँपालिकाको भूमि व्यवस्थापन शाखावाट प्राप्त गर्न सकिनेछ ।

(थप जानकारीका लागिः९८४८१५११०९,९८४३७९९७४४,९८४०१९४३२१,९८५७०८८२४६ मा सम्पर्क राख्न सक्नुहुनेछ ।)

२०८२।५।१२
(नवराज ढकाल)
अध्यक्ष

नवराज ढकाल
गा. पा. अध्यक्ष

बोधार्थः

श्री भूमि समस्या सामाधान आयोग जिल्ला समिति,रुपन्देही ।

श्री वडा कार्यालयहरु (१-५) सबै, कञ्चन गाउँपालिका, रुपन्देही ।

कार्यार्थः

श्री सूचना प्रविधि ईकाई, कञ्चन गाउँपालिका, रुपन्देहीः कार्यालयको सूचना पाटी, Website र Facebook Page मा अपलोड गरी वडा कार्यालयमा समेत पत्राचार हुन ।



CamScanner